**आकाशवाणी खरसाङ, प्रादेशिक समाचारः नेपाली**

मितिः १८ सितम्बर २०२४

समयः १८:५० - १९:०० बजे

**प्रमुख समाचार**

१. सरकारले देश भरि एकै साथ चुनाउ गराउनको लागी एक 'राष्ट्र एक चुनाउ' सम्बन्धी गठित उच्चस्तरीय समितिको सुझावलाई स्वीकार गरेको छ।
२. चार दिवशीय 'वर्ल्ड फुड इन्डिया २०२४' भोलि देखि नयाँ दिल्लीमा शुरु हुँदैछ।
३. .महिलाहरूको सुरक्षालाई प्राथमिकतामा राख्दै दार्जिलिङ जिल्ला पुलिसद्वारा आजदेखि पिङ्क पेट्रोल अर्थात महिला सुरक्षा गश्ती आरम्भ गरिएको छ।
४. आकाशवाणी खर्सांगको समाचार बिभाग अनि कार्यक्रम निष्पादन बिभाग द्वारा सयुक्त रुपमा 'एउटा बिरुवा आमाको नाम' पालन गर्दै बिरुवाहरु रोप्ने कार्य सम्पन्न गरेको छ I
५. गोर्खा दु:ख निवारक सम्मेलन दार्जीलिंगको आयोजनामा पाचौं नेपाली नाटक प्रतियोगिता २०२४ आज देखि शुरु भएको छ ।

**सरकार एक राष्ट्र एक चुनाव**

सरकारले देश भरि एकै साथ चुनाउ गराउनको लागी एक राष्ट्र एक चुनाउ सम्बन्धी गठित उच्चस्तरीय समितिको सुझावलाई स्वीकार गरेको छ। सूचना तथा प्रसारण मन्त्री अश्विनी वैष्णवले आज नयाँ दिल्लीमा पत्रकारहरूसँग बातचित गर्नुहुदै पूर्व राष्ट्रपति रामनाथ कोविन्दको अध्यक्षतामा गठित समितिले राजनीतिक दल र बिशेषज्ञहरु लगायत हितधाराकहरुसँग व्यापक बिचार विमर्श गरिएको बताउनु भएको छ। यसलाई दुई चरणमा कार्यान्वयन गरिने उहाँले बताउनु भएको छ । श्री वैष्णवले भन्नुभएको छ -, 'पहिलो चरणमा लोकसभा र विधानसभाको चुनाव एकैसाथ हुनेछ भने पंचायत र नगरपालिका जस्ता स्थानीय निकायको चुनाव आम चुनाउको सय दिनभित्र हुनेछ।

****** ० ******

**अमेरीका राष्ट्रपति -प्रधानमंत्री नरेंद्र मोदी**

अमेरिकी राष्ट्रपति पदका रिपब्लिकन उम्मेदवार डोनाल्ड ट्रम्पले प्रधानमन्त्री नरेन्द्र मोदीसँग अर्को साता भेटघाट गर्ने बताउनु भएको छ। श्री ट्रंपले मिशिगनमा भारतसँगको अमेरिकी व्यापार सम्बन्धमा बोल्दै उक्त आशयको घोषणा गर्नुभएको छ । प्रधानमन्त्री श्री मोदीको २१सितम्बर देखि २३ सितम्बर सम्म हुने अमेरिका भ्रमणको क्रममा द्वय नेताबीच भेटघाट हुने सम्भावना रहेको छ। सन् २०१७ देखि २०२१ सम्म डोनाल्ड ट्रम्पले रास्ट्रपतिको कार्यकाल अवधि श्री मोदीसँग व्यक्तिगत सम्बन्ध साझा गरेका थिए । द्वयको सम्बन्धले अमेरिका-भारत सम्बन्धलाई विशेष गरी रक्षा र रणनीतिक सहयोगमा बलियो बनाएको छ। उनीहरूको बलियो साझेदारीले "क्वाड" जस्ता पहलहरूको माध्यमबाट गहिरो सुरक्षा सहयोगलाई गति दिएको छ।

****** ० ******

**चार दिवसीय 'वर्ल्ड फूड इंडिया 2024'**

चार दिवशीय 'वर्ल्ड फुड इन्डिया २०२४' भोलि देखि नयाँ दिल्लीमा शुरु हुँदैछ। खाद्य प्रसंस्करण उद्योग मन्त्रालयले ९० भन्दा अधिक देशहरु , २६ राज्य र केन्द्र शासित प्रदेश लगायत १८ केन्द्रीय मन्त्रालयले यस कार्यक्रममा भाग लिने जनाएको छ। जापान एक भागीदार देश हुनेछ तथा भियतनाम र इरानले मुख्य देशको रूपमा भाग लिनेछन् I खाद्य प्रसंस्करण क्षेत्रमा नवप्रवर्तन, प्रौद्योगिकी र स्थिरतालाई यस कार्यक्रमको मुख्य बिन्दुमा राखिनेछ। यो कार्यक्रम खाद्य प्रसंस्करणमा वैश्विक शक्तिको रूपमा भारतको उदीयमान भूमिकालाई उजागर गर्ने एक ऐतिहासिक अवसर रहेको छ।

****** ० ******

**इसरो गगनयान कार्यक्रम**

विक्रम साराभाई अन्तरिक्ष केन्द्रका निर्देशक डा. उन्नीकृष्णन नायरले भारतीय अन्तरिक्ष अनुसन्धान संगठन (इसरो) ले गगनयान कार्यक्रम अन्तर्गत पहिलो मानवरहित मिसन प्रक्षेपण गर्ने तयारी गरेको बताउनु भएको छ । बेंगलुरुमा आयोजित आठौं बेंगलुरु स्पेस एक्सपोको अवसरमा पत्रकारहरूसँग बातचित गर्नुहुदै "मानवरहित मिशनको कक्षीय मोड्युल तयार भएको छ र चाँडै श्रीहरिकोटामा लगिनेछ। पहिलो गगनयान मिसन यसै वर्षको अन्त्यतिर सुरु हुने बताउनुभएको छ । श्री उन्नीकृष्णनले हालै पुन: प्रयोग गर्न सकिने प्रक्षेपण वाहन आर.एल.भी.एल एक्स०२ - पुष्पकको चित्रदुर्गमा सफलतापूर्वक परीक्षण गरिएको जानकारी दिनुभएको च । अहिले पुनः प्रयोग गर्न सकिने अन्तरिक्ष यानको प्यारासुट प्रणालीको परीक्षण गर्ने तयारी भइरहेको छ I उहाँ अनुसार क्रु एस्केप सिस्टमको पनि परीक्षण गरिएको छ । गगनयान कार्यक्रम अन्तर्गत इसरोले अन्तिम मानवयुक्त मिसन अघि तीन वटा मानवरहित परीक्षण उडान गर्नेछ । डा. उन्नीकृष्णनले यो पनि भन्नुभएको छ,- इसरोले २०३५ र चन्द्रयान ४ मा पनि अन्तरिक्ष स्टेशनलाई साकार पार्ने काम गर्नेछ, जसमा चन्द्रमामा अवतरण गर्ने, नमूनाहरू सङ्कलन गर्ने र पृथ्वीमा फर्कने क्षमता हुनेछ।

****** ० ******

**भारतीय रक्षा उत्पादक समिति -हस्ताक्षर**

भारतीय रक्षा उत्पादक समितिले अमिरात रक्षा कंपनी समितिको साथ रक्षा सहयोग बढाउन दुई सम्झौता पत्रमा हस्ताक्षर गरेको छ । भारत–संयुक्त अरब अमिरात रक्षा उद्योग साझेदारी मञ्चको अबुधाबीमा आज भएको पहिलो बैठकमा उक्त सम्झौतामा हस्ताक्षर भएको हो । भारतको रक्षा मन्त्रालयसँगको सहयोगमा र संयुक्त अरब अमिरातको रक्षा मन्त्रालयको समन्वयमा अबुधाबीस्थित भारतीय दूतावासले यो सम्भव बनाएको हो । यसले भारत र संयुक्त अरब अमिरात बीचको बढ्दो रणनीतिक साझेदारीमा नयाँ अध्याय थपेको छ ।

****** ० ******

**नीति आयोग भारत - 2030 अर्थव्यवस्था**

नीति आयोगका प्रमुख कार्यकारी अधिकारी बी.भी.आर सुब्रमण्यमले सन् २०३० सम्ममा भारतले आफ्नो अर्थव्यवस्थालाई दोब्बर बनाउन सक्ने बताउनु भएको छ । नयाँ दिल्लीमा आयोजित एक कार्यक्रममा श्री सुब्रमण्यमले सन् २०४७ सम्ममा भारत जनसांख्यिकीको रुपमा विश्वको सबैभन्दा युवा देशहरु मध्ये एक हुने बताउनु भएको छ । त्यतिबेला भारतको प्रतिव्यक्ति आय लगभग २० हजार अमेरिकी डलर हुने अनुमान गरिएको उहाँले बताउनु भएको छ । जलवायु परिवर्तन, भारतका लागि जलवायु प्रौद्योगिकीमा अग्रणी बन्ने अवसर भएको तथा भारतले हरित अर्थव्यवस्थामा ध्यान केन्द्रित गर्न आवश्यक रहेको बताउनु भएको छ । नीति आयोगले सन् २०७० सम्ममा शून्य कार्बन उत्सर्जन हासिल गर्ने मार्ग विकास गर्ने दिशामा काम गरिरहेको बताउनुभएको छ ।

****** ० ******

**आकाशवाणी खर्सांग -वृक्षरोपन**

प्रधानमन्त्री नरेन्द्र मोदीले देशभरीनै १७ सेप्टेम्बर देखि १ अक्टोबर २०२४ सम्म स्वच्छता अभियान 'स्वच्छता ही सेवा पखवाडा' को रुपमा पालन गर्ने आवहान गर्नु भएको छ जस अन्तर्गत आज आकाशवाणी खर्सांग समाचार बिभाग लगायत कार्यक्रम निष्पादन बिभाग द्वारा सयुक्त रुपमा 'एउटा बिरुवा आमाको नाम' पालन गर्दै बिरुवाहरु रोप्ने कार्य सम्पन्न गर्यो I हिज १७ सेप्टेम्बर को दिन आकाशवाणी खर्सांगका कर्मचारीहरु द्वारा 'स्वच्छता ही सेवा पखवाडा' पालन आरम्भ गर्दै बर्षमा एक सय घण्टा स्वच्छतालाई दिने संकल्प लिएका थिए भने आकाशवाणी खर्सांग द्वारा स्वच्छता लाई लिएर पहाड़ भरि नै बिभिन्न कार्यक्रमहरु गर्ने जानकारी समाचार विभागका प्रभारी श्री अशोक चौरसियाले दिनु भएको छ I

Byte

****** ० ******

**दार्जीलिंग - पिङ्क पेट्रोल**

महिलाहरूको सुरक्षालाई प्राथमिकतामा राख्दै दार्जिलिङ जिल्ला पुलिसद्वारा आजदेखि पिङ्क पेट्रोल अर्थात महिला सुरक्षा गश्ती आरम्भ गरिएको छ। महिला सुरक्षा केन्द्रित उक्त गश्ती वाहिनीलाई हरियो झण्डा देखाएर उत्तर बंगालक आई.जी.पी राजेश कुमार गुप्ताले फ्लाग अफ् गर्नुभयो।पिङ्क पेट्रोल तथा महिला सुरक्षा गश्तीले जिल्लाका कलेज, ट्रेनिङ सेण्टर अनि महिला होस्टेल परिसर क्षेत्रमा निगरानी राख्नुका साथै प्रतिकूल स्थितिमा महिलाहरूलाई सुरक्षा प्रदान गर्ने आइजीपी श्री गुप्ताले जानकारी दिनुभएकोछ। दार्जिलिङ जिल्ला पुलिस मुख्यालय डालीमा सम्पन्न फ्लाग अफ् समारोह पछि पत्रकारहरूसित बातचित गर्नुहुदै उहाँले जिल्लाका संवदेनशील क्षेत्रहरूमा सी.सी क्यामेरामार्फत् निगरानी राखिने बताउनु भएको छ। उहाले मिसिङ पुलिस पोर्टल मार्फत निखोज महिलाहरूको उद्धार कार्यसँगै तस्करी लगायत अपहरणकर्ताहरूलाई कठोर सजाय दिलाउन पुलिस प्रशासन तत्पर रहेको जानकारी दिनुभएको छ। कार्यक्रममा दार्जीलिङ पुलिस अधिक्षक प्रबिन प्रकाश, लगायत पुलिस अधिकारीहरू उपस्थित रहेका थिए।

****** ० ******

**आरजी कर मेडिकल कलेज-धर्ना प्रदर्शन**

आरजी कर मेडिकल कलेजमा एक महिला डाक्टरको बलात्कार र हत्याको विरोधमा जुनियर डाक्टरहरुले आज स्वास्थ्य भवन अगाडि धर्ना प्रदर्शन गरे । आन्दोलनरत चिकित्सकहरुले राज्यका स्वास्थ्य सचिव नारायण स्वरूप निगमलाई हटाउन माग गरेका छन्। यसबाहेक उनीहरूका धेरै माग रहेका छन्। यसैबीच, हडतालरत चिकित्सकहरूले मुख्यमन्त्री ममता बनर्जीसँग समय मागेका छन्।आन्दोलनरत एक चिकित्सकले स्वास्थ्य सचिव एन.एस. निगमलाई हटाउने र सरकारी अस्पतालहरूमा भयको वातावरण अन्त्य गर्न आवश्यक रहेको बताएका छन्। । स्वास्थ्य सचिवलाई हटाउनु उनीहरुको पाँच बुँदे मागमध्ये पहिलो रहेको छ।

****** ० ******

**माकपा नेता को निधन –धजे**

एक समयका वरिष्ठ माकपा नेता, साहित्यकार तथा मगर जातिका सांस्कृतिक अभियन्ता बालकृष्ण थापाको आज निधन भयो। धजे चियाबारीको रानिवन निवासी थापा ९० बर्षको हुनुहुन्थ्यो ।उहाँको पार्थिव शरीरलाई अन्तिम दर्शनको निम्ति आज रानीवन ग्राम सुधार समाजको सार्वजनिक भवनमा राखियो जहाँ स्वर्गीय थापालाई श्रद्धाञ्जली अर्पण गर्न पूर्व सांसद तथा क्रामाकपा नेता आरबी राई,जीटीए चेयरम्यान अञ्जुल चौहान , लगायत ,साहित्यकार, गायक, सङ्गीतकार,सामाजिक कार्यकर्ता तथा स्थानीय मानिसहरूको उपस्थिति रहेको थियो।जीटिए चेयमेन अन्जुल चौहानले स्वर्गीय थापाले तत्कालिन समयमा नागरी धजे सडक मार्ग निर्माण गर्न ,धजे बस्तीमा ग्रामीण पुस्तकालय स्थापित गर्न लगायत धेरै विकाशमूलक कार्य गर्नुभएको बताउनुभएको छ।

****** ० ******

**दार्जीलिंग -नाटक प्रतियोगिता २०२४**

गोर्खा दु:ख निवारक सम्मेलनको आयोजनामा पाचौं नेपाली नाटक प्रतियोगिता २०२४ आज देखि शुरु गरियो । चार दिन व्यापी चल्ने यस प्रतियोगिता मा आज चार वटा नाटकहरु मञ्चन गरियो। नाटक प्रतियोगितामा गोर्खा दु:ख निवारक सम्मेलनका अध्यक्ष प्रविन जिम्बा ,नाटक समितिका अध्यक्ष पेम्बा वम्जन, सयोजक मेनुका प्रधान ,कमला लेप्चा आदि प्रमुख रूपमा उपस्थित थिए। चार दिन व्यापी हुने प्रतियोगितामा निर्णायकहरु पुकार गुरुङ ,सरोज राणा,महेन्द्र थापा ,ललित तिवारी ,सुमन प्रधान ,बद्री खरेल रहेका छन् । नाटक प्रतियोगितामा जम्मा १४ वटा नाटक मञ्चन गरिने एंव प्रतियोगिताको फाईनल आगामी २२ सेप्टेम्बरको दिन हुने आयोजक समितिका अध्यक्ष पेम्बा बम्जनले जानकारी गराउनुभएको छ ।

****** ० ******

**बिजनबारी -स्वच्छता कार्यक्रम**

बिजनबारी खण्ड अन्तर्गत रेलिङ ग्राम पन्चायतको आयोजनामा स्वच्छता नै सेवा कार्यक्रम शुरू गरिएको छ। रेलिङ ग्राम पञ्चायत प्रधान सारिका राईको नेतृत्वमा सम्पन्न पहिलो दिनको सफाइ कार्यक्रमअन्तर्गत रेलिङ ग्राम पञ्चायत तथा रेलिङ स्कुल लाइन क्षेत्रमा सफाइ अभियान सम्पन्न गरिएको छ । यो कार्यक्रम"आगामी 2 अक्टोबरसम्म चल्नेछ। कार्यक्रममा मानिसहरूलाई सफाईमाथि सचेत गराउँदै ग्राम पञ्चायतको पक्षबाट ठाउँ ठाउँमा डस्टबीन लगाउने कार्य पनि गरिएको जानकारी प्राप्त भएको छ ।

****** ० ******